नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १५१

मितिः २०८२/०७/२६

नेपाल संवत् ११४६

विषयः- आठौं सामाजिक सुरक्षा दिवस, २०८२ मनाउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं. ३.३/०८२/८३, च. नं. श्र.क.सा.सं.-१२, मिति २०८२/०७/२४ को **आठौं सामाजिक सुरक्षा दिवस, २०८२** मनाउने सम्बन्धी पत्र र सो साथ प्राप्त उक्त दिवस मनाउने सम्बन्धी सामाजिक सुरक्षा कोष, थापाथली, काठमाडौंको पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

७/२६

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ३.३/०८२/८३
चलानी नं.:- 
श्र.क.सा.सं- १२

मितिः वि.सं. २०८२/०७/२४
ने.सं.११४६ कछलागा, पञ्चमी, सोमबार

सङ्घीय मामिला तथा सामान्य प्रशा...
दर्ता नं.:- ९४६.४
दर्ता मितिः- २०८२/०७/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः आठौं सामाजिक सुरक्षा दिवस मनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कोषको च.नं. ३०८ मिति २०८२/०७/२० को संलग्न पत्रानुसार उक्त कोषको आठौं वार्षिकोत्सवको पावन अवसरमा "सामाजिक सुरक्षाः सर्वव्यापी स्वास्थ्य सेवाको पँहुच, पेन्सनयोग्य समाज र उत्पादकत्व अभिवृद्धि सहित नागरिकको जीवन रक्षा" भन्ने मूल नारासहित आगामी मंसिर ११ गते **"आठौं सामाजिक सुरक्षा दिवस-२०८२"** देशव्यापी रुपमा मनाउन लागिएको छ। सोही अवसरमा सामाजिक सुरक्षाको अभियानलाई व्यापक बनाउने उद्देश्यले सम्पूर्ण स्थानीय तहहरुमा समेत विशेष समारोह आयोजना गर्ने कार्यक्रम तय भएको हुँदा उक्त समारोहलाई अझ प्रभावकारी बनाउने सन्दर्भमा सम्बन्धित पालिका प्रमुखज्यूको प्रमुख आतिथ्यता र प्रमुख प्रशासकीय अधिकृतज्यूको अध्यक्षतामा उक्त आठौं सामाजिक सुरक्षा दिवस मनाउने व्यवस्थाका लागि तहाँबाट समन्वय एवम् पत्राचार गरिदिनुहुन यस मन्त्रालयको मिति २०८२/०७/२४ को निर्णयानुसार अनुरोध छ।

श्री स्थानीय तह समन्वय शाखा
२०८२/७/२६

अन्जु सुनार
शाखा अधिकृत

बोधार्थ
श्री सामाजिक सुरक्षा कोष, थापाथली, काठमाडौं।

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

**थापाथली, काठमाडौं**

प.सं : ०८२-८३ च.नं : ३०६ मिति:२०८२/०७/२०

नेपाल संवत्: ११४६ कछलाथ्व पारु, बिहिवार

श्रीमान् सचिवज्यू,
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

विषय: सम्पूर्ण स्थानीय तहमा सामाजिक सुरक्षा दिवस मनाउने सम्बन्धमा।

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात भएको ऐतिहासिक दिन मंसिर ११, २०७५ को स्मरणमा यस वर्ष पनि **"सामाजिक सुरक्षाः सर्वव्यापी स्वास्थ्य सेवाको पँहुच, पेन्सयोग्य समाज र उत्पादकत्व अभिवृद्धि सहित नागरिकको जीवन रक्षा" भन्ने** मुल नारासहित मंसिर ११ गते **"आठौं सामाजिक सुरक्षा दिवस– २०८२"** देशव्यापी रूपमा मनाउन लागिएको छ।

यस अवसरमा संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य सुदृढ गर्दै सामाजिक सुरक्षाको अभियानलाई सबै तहमा व्यापक बनाउने उद्देश्यले हरेक स्थानीय तहमा समेत विशेष समारोहको आयोजना गरी सामाजिक सुरक्षा दिवस मनाउने गरी संचालक समितिले निर्णय गरेको व्यहोरा श्रीमानमा अवगत नै छ।

उक्त समारोहलाई अझ प्रभावकारी र उच्चस्तरीय बनाउने उद्देश्यले सम्बन्धित स्थानीय स्तरमा पालिकाका प्रमुखज्यूको प्रमुख आतिथ्यता र पालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूको अध्यक्षतामा विशेष कार्यक्रमका रूपमा मनाउन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् आवश्यक समन्वयसहित पत्राचारका लागि हार्दिक अनुरोध छ।

भवदीय,

(कविराज अधिकारी)
कार्यकारी निर्देशक